श्री दार्चुला जिल्ला अदालतबाट जारी भएको लिलाम बढाबढ सम्बन्धी सार्वजनिक सुचना

(सुचना प्रकासित मितिः २०७९/०५/२९ सुचना लागु हुने मितिः २०७९/०५/२९ देखि तपसिलमा उल्लेख गरिए बममोजिम)

उप्रान्त यस अदालतका माननीय जिल्ला न्यायाधीश ज्यू बाट यस अदालतमा विचाराधीन अवैध जडिबुटी तथा बन्यजन्तुको ओखेटोपहार ओसारपसार मुद्दामा यार्सागुम्बा लिलाम बिक्रि गरी प्राप्त रकम धरौटीमा दाखिला गर्ने गरी भएको आदेशानुसार जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ बमोजिम गठित मुल्याङ्कन समितिले कायम गरेको तपसिलमा उल्लेख गरिए बमोजिम यार्सागुम्बाको एकमुष्ठ मूल्य भन्दा बढी रकम मध्ये जसले जति रकममा लिलाम सकार गर्न चाहेको हो सो रकम उल्लेख गरी गोप्य सिलबन्दी बोलपत्र दर्ता गरी लिलाम बढाबढ प्रकृयामा भाग लिन सबै योग्य इच्छुकहरुलाई आह्वान गरिएको छ । लिलाम हुने यार्सागुम्बाको बिवरण र लिलाममा सहभागी भई लिलाम साकार गर्न पूरा गर्नु पर्ने सर्तहरु देहाय बमोजिम रहेको ब्यहोरा सबैमा सूचित गरिन्छ ।

<u>तपसिल</u>

लिलाम हुने यार्सागुम्बाको विवरणः-

| क.स. | यार्सागुम्बाको विवरण | परिणाम | मुल्याङ्कन समितिले कायम गरेको एकमुष्ठ न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | प्रहरी बरिष्ठ नायब निरीक्षक निरक बहादुर रावल समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार तथा प्रतिवादी कम्मान सिंह बिष्ट भएको (मुद्दा नं. ०७९-८२-०००१) अबैध जडिबुटी तथा बन्यजन्तुको ओखेटोपहार ओसारपसरा मुद्दामा निज प्रतिवादीबाट बरामद भएको यार्सागुम्बा | १.६ किलो ग्राम | रु.८०,०००/- (असी हजार मात्र) | |

<u>लिलाममा सहभागी भई लिलाम सकार गर्न पुरा गर्नुपर्ने शर्तहरुः-</u>

(क).उपरोक्त यार्सागुम्बाको लिलाम बढाबढ प्रकृयामा सहभागि हुन चाहनेले फिर्ता नहुने दस्तुर रु. १०००।- तिरी मिति २०७९/०६/०३ गते २ बजे भित्र कार्यालय समयमा यस अदालतको तहशिल शाखामा निवेदन दिई बोलपत्र फाराम खरिद गर्न सकिने छ । निवेदक व्यक्ति भए नेपाली नागरिकताको, कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको र यस आ.ब. सम्मको कर चुक्ता गरेको प्रमाणपत्र लगायतका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि साथै राखी निवेदन दिनुपर्ने छ । निवेदन दर्ता नगराई लिलाम हुने समयमा उपस्थित हुनेलाई लिलाम बढाबढ प्रकृयामा सहभागी गराइने छैन । (<u>ख.</u>) लिलाम हुने उल्लेखित यार्सागुम्बा मुल्याङ्कन समितिले कायम गरेको एकमुष्ठ मूल्य भन्दा माथि कति रकम आफुले कबोल गर्न चाहेको हो सो रकम अंक र अक्षरमा स्पष्ट रुपमा खुलाउनु पर्ने छ । बोलपत्रको साथमा उक्त कबोल अंकको १०% (दस प्रतिशत) ले हुने रकम राष्ट्रिय बाणिज्य बैङ्क दार्चुला शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय दार्चुलाको धरौटी खाता नं. ४०९०१००१०२०३०००० (कार्यालयको नाम दार्चुला जिल्ला अदालत र कोड नं. २०४००७३०१) मा जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत भए सो को सक्कल समेच पेश गर्नुपर्ने छ । (<u>ग.</u>) बोलपत्र दाखिला गर्दा खामको बाहिर बोलपत्रदाताको नाम/थर, ठेगाना भए इमेल ठेगाना मोवाइल नं. खुलाई लाहाछाप लगाई सिलबन्दी खाम मिति २०७९।०६।०३ गते दिनको १० देखि २ बजे सम्म यस अदालतको तहशिल शाखामा दर्ता गराउनु पर्ने छ । ब्रोलपत्र फाराम पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन कार्यालय समयमा दर्ता गराई सक्नु पर्ने छ । निवेदकहरुद्वारा दर्ता भएका सिलबन्दी बोलपत्र फारामहरु दर्ता भएकै दिनको २ बजे देखि ५ बजे सम्म उपस्थित बोलपत्रदाताहरु र सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिने छ, निर्धारित समयमा बोलपत्रदाताहरु अनुपस्थित भएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्रदाताहरु द्वारा पेश भएका बोलपत्रमा अंक र अक्षर फरक परेमा अक्षरलाई केरमेट गरिएकोमा सो स्थानमा सहि भई पेश भएकोलाई मात्र मान्यता दिइने छ । म्याद भित्र निवेदन दिई सबैभन्दा बढी रकम उल्लेख गरी सिलबन्दी बोलपत्र पेश गर्ने निवेदक भन्दा अन्य निवेदक हरुले बढी रकममा लिलाम सकार गर्न चाहेमा त्यस्ता निवेदकलाई बढी रकमको १०% धरौटी रकम तत्काल नगदै यस अदालतमा जम्मा गर्न लगाई बढाबढ गराइने छ । (<u>घ.</u>) लिलाम प्रक्रियामा सहभागी भई सबैभन्दा बढी रकम लिलाम सकार गर्न चाहने उपर सबै सरोकारवालाहरुलाई १ दिनको समय दिई दावी बिरोधको सुचना यस अदालतको सूचना पाटीमा प्रकासन गरिने छ । उक्त समय भित्र कसैको दावी बिरोधको उजुरी परेमा सो सम्बन्धमा छानविन गरी निर्णय भएको मितिले र दावी बिरोधको उजुरी नपरेमा दावी बिरोधको उजुरी पर्ने समय ब्यतित भएको २ दिन भित्र बढी रकम लिलाम सकार गर्न चाहनेलाई लिलाम सकार गरी लैजान लिखित पत्र दिइने छ । लिखित पत्र नबुझे यस अदालतको सुचना पाटीमा टाँस गरिने छ । सबै भन्दा बढी रकम लिलाम सकार गर्न चाहने उपर दावी बिरोधको उजुरी नपरे वा दावी बिरोधको उजुरी परेकोमा सो सम्बन्धमा निर्णय भएको मितिले २ दिन भित्र आफुले बोलकबोल गरेको रकमको बाँकी ९०% रकम, यार्सागुम्बाको छोडपुर्जी बनाउन तिर्नुपर्ने राजस्व समेत तिरी यार्सागुम्बा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लैजानका लागि लिखित पत्र हातैमा बुझाइने छ, हातमा नबुझे इमेल वा फोन मार्फत जानकारी गराइने छ । सो बमोजिम समय भित्र यार्सागुम्बा लैजान नसके निजले जम्मा गरेको धरौटी रकम जफत गरी पुनः नियमानुसार लिलाम प्रकृया अगाडी बढाइने छ । (<u>ङ).</u> लिलाम बढाबढ प्रकृयामा कुनै प्रकारको मिलेमतो, अनियमितता र छुट भएको देखिएमा यो लिलाम सम्बन्धी प्रकृयालाई रोक्ने, नियमित गर्ने र आवश्यक कानूनी कारवाही गर्ने साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतलाई हुने छ । (<u>च</u>). लिलाम हुने यार्सागुम्बा हेर्न चाहेमा यस अदालतको तहशिल शाखामा अदालत समयभित्र सम्पर्क गरी हेर्न सकिने छ । अन्य कुरा सम्बन्धित प्रचलित कानून बमोजिम हुने छ ।

(तहसिल शाखा- दार्चुला जिल्ला अदालत)